## मिति २०७४ फाल्गुण ३ गते बसेको गाउँ कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं १** कार्यापालिकाको मिति २०७४।०९।२८ गतेको निर्णयअनुसार विज्ञापन भएको विज्ञापन नं ७।०७४।०७५ कार्यालय सहयोगी पदको विज्ञापन पूर्ण रुपमा रद्ध गरी दरखास्त फारम बुझाउने उम्मेदवारहरुको दरखास्त दस्तुर बापतको रकम स्वयं व्यक्तीहरुलाइ फिर्ता गर्ने ।

**निर्णय नं २** अन्य कार्यसूचि स्थगन गरी वैठक समापन गर्ने ।

## मिति २०७४ फाल्गुण ५ गते बसेको गाउँ कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं १** नौमूले गाँउपालिकाको आर्थिक बर्ष २०७४।०७५ को **Rate Analysis पारित गर्ने** ।

**निर्णय नं २** कार्यापालिकाको मिति २०७४।०९।२८ गतेको निर्णयअनुसार विज्ञापन भएको इन्जिनियर सेवाका पदहरुमा तोकिएको मितिमा परीक्षा सम्पन्न हुन नसकेको जानकारी भएअनुसार गाउँपालिकामा प्राविधिक कर्मचारीको अत्यावश्यक रहेकोले प्रचलित कानून अनुसार दैनिक ज्यालादारी करारमा एक जना इन्जिनियर सिभिल र एक जना सव इन्जिनियर सिभिल नियुक्त गर्ने ।

**निर्णय नं ३** निर्णय नं २ को अधिनमा रही अर्को व्यवस्था नभएसम्मका लागि इन्जिनियर पदमा नारायण नपा ५ दैलेखका इन्जिनियर श्री किरण कुमार केसी र नौमूले गापा ४ दैलेखका सव इन्जिनियर श्री पदम बस्नेतलाइ दैनिक ज्यालादारी करारमा नियुक्त गर्ने ।

**निर्णय नं ४** अन्तर्राष्ट्रिय नारी दिवस मनाउन गाउँ सभाबाट पारित बार्षिक बजेटको परिधिमा रहि रु ५००००। पचास हजार विनियोजन गर्ने ।

**निर्णय नं ५** कार्यापालिकाको मिति २०७४।०९।२८ गतेको निर्णयअनुसार विज्ञापन भएको विज्ञापन नं ०६।०७४।०७५ कम्प्यूटर अपरेटर पदको विज्ञापन पूर्ण रुपमा रद्ध गरी दरखास्त फारम बुझाउने उम्मेदवारहरुको दरखास्त दस्तुर बापतको रकम स्वयं व्यक्तीहरुलाइ फिर्ता गर्ने ।

**निर्णय नं ६** नौमूले गाउँ कार्यपालिकाबाट हालसम्म भएको चालू तथा पूजिगँत (वित्तिय समानिकरण, शसर्त अनुदान) खर्च विवरण अनुमोदन गरी गाउँसभामा पेश गर्ने ।

**निर्णय नं ७** नौमूले गाउँपालिकामा आन्तरिक श्रोतबाट तलब भत्ता पाउने गरी नियुक्त कार्यालय सहयोगी श्री बल बहादुर सलामीको करार म्याद थप गर्ने ।

**निर्णय नं ८** कार्यपालिकाको निर्णयअनुसार गाउँपालिका अध्यक्षको स्वकिय सचिवमा नियुक्त श्री चन्द्र बहादुर सिंहलाइ गाउँपालिकाको आन्तरिक श्रोतबाट पारिश्रमिकको व्यवस्था गर्ने ।

**निर्णय नं ९** अन्य कार्यसूचिहरु स्थगित गरी बैठक समापन गर्ने ।

द्रष्टव्य :निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ